**गौमुल गाउँपालिका गाउँ कार्यपालिका घट्मुनाद्वारा सञ्चालित**
**रेडियो गौमुल**
**गौमुल-६,घट्मुना,बाजुरा**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७७।३।९

# कार्य सञ्चालन निर्देशिका २०७७

**प्रस्तावना :**

**गौमुल गाउँपालिकाद्वारा सञ्चालित** बाजुराको गौमुल गाउँपालिका-६ घट्मुनामा प्रशारण केन्द्र रहेको **"**रेडियो गौमुल**"**लाई व्यवस्थित तथा प्रभावकारी ढङ्गले सञ्चालन गर्न देहायको रेडियो कार्य सञ्चालन निर्देशिका तयार गरी लागु गरेको छ । रेडियोको कार्य सञ्चालनका लागि आवश्यक सबै निति तथा निर्देशिकाहरु गाउँ कार्यपालिकाले पारित गरे पछि लागु हुनेछ ।

## परिच्छेद–१

**संक्षिप्त नाम र प्रारम्भ**

१) यो निर्देशिकाको नाम "**रेडियो गौमुल**"को कार्य सञ्चालन निर्देशिका

२०७७" रहेको छ ।

२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

**परिभाषा :**

**बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :**

क) 'रेडियो' भन्नाले सामुदायिक रेडियो "**रेडियो गौमुल**" घट्मुनालाई सम्झनु पर्दछ ।

ख) "कार्य समिति" भन्नाले रेडियो सञ्चालन गर्ने संस्था वा गौमुल गाउँपालिका समितिलाई लाई सम्झनु पर्दछ ।

ग) विधान' भन्नाले "**गौमुल गाउँपालिका"** सम्झनु पर्छ ।

घ) "कार्य सम्पादन समिति" भन्नाले "**गौमुल गाउँपालिका"** ले गठन गरेको समिति सम्झनु पर्दछ ।

ङ) 'लेखा समिति' भन्नाले "**गौमुल गाउँपालिका"** ले लेखालाई व्यवस्थित गर्न गठित लेखा समिति सम्झनु पर्दछ ।

च) निर्देशिका' भन्नाले "**रेडियो गौमुल** कार्य सञ्चालन निर्देशिका २०७७" लाई सम्झनु पर्दछ ।

छ) 'तोकिएको वा तोकिए बमोजिम' भन्नाले विधान र निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

ज) 'अध्यक्ष' भन्नाले गौमुल गाउँपालिकाका अध्यक्ष तथा रेडियो गौमुलको कार्य सम्पादन समितिको अध्यक्षलाई समेत सम्झनु पर्दछ ।

झ) 'सदस्य' भन्नाले गौमुल गाउँपालिकाका कार्यपालिका सदस्यलाई सम्झनु पर्दछ ।

ञ) 'कार्यकारी निर्देशक' भन्नाले रेडियो गौमुलको सञ्चालन, व्यवस्थापन तथा प्रशारणका लागि नियुक्त कार्यकारी प्रमुखलाई सम्झनु पर्दछ ।

ट) 'शाखा प्रमुख' भन्नाले रेडियो गौमुलका लागि तोकिएको कार्यक्रम, समाचार, लेखा र प्राविधिक शाखाका लागि प्रमुख वा संयोजक भनि तोकिएको व्यक्ति सम्झनु पर्दछ ।

ठ) 'कर्मचारी' भन्नाले रेडियो गौमुलको समाचार, कार्यक्रम उत्पादन, सञ्चालन र व्यवस्थापनका लागि नियुक्त पत्रकार, प्रशासनिक तथा प्राविधिक जनशक्ति भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद–२

**<u>सांगठनिक ढाचा, सञ्चालन विधि र प्रक्रिया</u>**

१) रेडियो सञ्चालन एवं व्यवस्थापनका लागि क्रमशः गौमुल गाउँपालिका रेडियो सञ्चालक समिति, रेडियोको कार्य सम्पादन समिति र स्टेशन कार्यालय रहने गरी पिरामिड शैलीको संगठन निर्माण गरिने छ । रेडियो गौमुलको संगठनात्मक संरचना अनुसुची १ मा उल्लेख भए अनुसार हुनेछ ।

२) गौमुल गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार रेडियोको सञ्चालनका लागि कार्य सम्पादन समिति चयन र कार्यकारी निर्देशकको नियुक्ति गरिनेछ ।

३) रेडियोको कार्यकारी निर्देशकले कार्य सम्पादन समितिको सदस्य सचिवको रुपमा समेत काम गर्नेछ ।

४) रेडियो प्रशारणका लागि गौमुल गाउँपालिकाको केन्द्र घट्मुनामा एक स्टेशन स्थापना गरिने छ । जसमा कार्यकारी निर्देशकको कार्यकक्ष समेत रहनेछ ।

## परिच्छेद–३

**<u>कार्य सम्पादन समितिः</u>**

**१) गठन**

क) रेडियोको नियमित प्रशारणको अनुगमन र व्यवस्थापनका लागि अध्यक्ष एक जना र कार्यकारी निर्देशक सदस्य सचिव रहने गरी दुई पदाधिकारी र ३ जना सदस्य गरी बढीमा ५ जना रहने गरी गौमुल गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट एक समिति गठन गरिनेछ ।

ख) कार्य सम्पादन समितिको पदावधि ५ बर्षको हुनेछ । तर समितिको कुनै पद रिक्त हुन आएमा वा समितिलाई थपघट गर्नु परेमा गौमुल गाउँपालिका गाउँ कार्यपालिकाले पदपुर्ति गर्नेछ ।

ग) कार्यकारी निर्देशक कार्य सम्पादन समितिको सदस्य सचिव रहनेछ ।

**<u>२) काम,कर्तव्य र अधिकार :</u>**

क) रेडियोको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि गौमुल गाउँपालिका तय गरिएका आवश्यक नीति तथा निर्देशनको कार्यान्वयन गर्ने, गराउने ।

ख) रेडियोको दैनिक कामकाजका लागि शाखा प्रमुख तथा अन्य आवश्यक कर्मचारीहरु नियुक्त गर्ने ।

ग) रेडियो सञ्चालन तथा व्यवस्थापनका लागि कोषको ब्यवस्थापन गर्ने ।

घ) रेडिया गौमुल सञ्चालन तथा प्रशारणका लागि नियुक्त गरिएका कर्मचारीको तलब भत्ता तथा अन्य सेवा सुविधा निर्धारण गर्ने ।

ङ) रेडियो प्रशारण क्षेत्र र बजार व्यवस्थापन क्षेत्र विस्तारको लागि आवश्यक योजना बनाई कार्यान्वियन गर्ने ।

च) गौमुल गाउँपालिकाको अवधारणा तथा त्यहाँबाट दिएका सुझावहरुलाई कार्यान्वियन गर्ने,गराउने ।

छ) गौमुल गाउँपालिकाका कार्यसमितिको परामर्शमा आवश्यकता अनुसार कार्यहरु गर्ने, गराउने ।

ज) कार्य सञ्चालन निर्देशिकाको भावनालाई ध्यानमा राखेर गौमुल गाउँपालिकाका प्रति उत्तरदायी हुने ।

## परिच्छेद–४

**<u>लेखा समितिः</u>**

रेडियोको लेखालाई व्यवस्थित र पारदर्शी बनाउन गौमुल गाउँपालिकाका गाउँकार्यपालिकाले एक जना संयोजक र दुई जना सदस्य गरी ३ सदसीय लेखा समिति गठन गर्न सक्नेछ ।

**<u>काम,कर्तव्य र अधिकार :</u>**

क) रेडियोको लेखा व्यवस्थित गरी त्रैमासिक प्रतिवेदन कार्य सम्पादन समितिलाई बुझाउने ।

ख) रेडियोको लेखा सम्बन्धी गतिविधिमा निगरानी गर्ने र लेखा शाखा प्रमुख तथा कार्यकारी निर्देशकलाई आवश्यक सुझाव दिने ।

## परिच्छेद–५

**<u>कार्यकारी निर्देशक :</u>**

**१) नियुक्ती :**

क) रेडियोको कर्मचारीको प्रमुख तथा स्टेशनको कार्यकारी प्रमुखको रुपमा गौमुल गाउँपालिका गाउँकार्यपालिकाले एकजना कार्यकारी निर्देशकको नियुक्ती गर्नेछ ।

ख) कार्यकारी निर्देशकको तलब भत्ता तथा अन्य सेवा सुविधा कार्य सम्पादन समितिले तोकेबमोजिम हुनेछ ।

**<u>२) काम, कर्तव्य र अधिकार :</u>**

क) कार्यकारी निर्देशकले गौमुल गाउँपालिकाको केन्द्र स्थित प्रशारण केन्द्रको कार्यकारी प्रमुख तथा कर्मचारी प्रमुखका रुपमा रही दैनिक कार्य सञ्चालन गर्नेछ र कार्य सम्पादन समितिको सदस्य सचिवको रुपमा समेत कार्यरत रहने छ ।

ख) कार्य सम्पादन समितिले निर्धारण गरेको नीति तथा योजनाको अधिनमा रही रेडियो सञ्चालन गर्ने प्रमुख दायित्व कार्यकारी निर्देशकको हुनेछ ।

ग) कार्य सम्पादन समितिले निर्धारण गरेको नीति तथा योजनाको अधिनमा रही गौमुल गाउँपालिकाबाट आएका संस्थागत निर्देशनको पालना गर्दै प्रशारण केन्द्रको कार्यकारी प्रमुखको हैसियतले विभागीय प्रमुखहरुसंग समन्वय राख्दै कार्यक्रमको सुपरीवेक्षण गर्ने, प्रशासनिक, प्राविधिक र लेखा सम्बन्धी कार्य हेर्ने, विभागहरुको रेखदेख गर्ने तथा निर्देशन दिने ।

घ) रेडियोको कार्यक्रम रुपरेखा तयार गर्ने, आवश्यकता अनुसार रेडियो प्रशारणका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोत जुटाउन आवश्यक सम्बन्ध तथा सम्पर्क विस्तार गर्ने, प्रस्ताव तथा योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने ।

ङ) रेडियोद्वारा सञ्चालित विभिन्न परियोजना/कार्यक्रम तथा तत्काल सञ्चालन गर्नुपर्ने कुनैपनि कार्यक्रमका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्नु परेमा कार्य सम्पादन समितिसंग समन्वय गरी व्यवस्थापन गर्ने, गराउने ।

छ) गौमुल गाउँपालिका संग समन्वय गर्दै कार्य सम्पादन समितिले दिएको निर्देशन र तोकेको अन्य काम, कर्तव्य र अधिकारको कार्यान्वयन गर्ने, गराउने ।

ज) कार्य सञ्चालन निर्देशिकाको भावनालाई ध्यानमा राखेर रेडियो स्टेशन सञ्चालनको सम्पूर्ण दैनिक कार्य गर्ने, गराउने ।

झ) गौमुल गाउँपालिका, कार्य सम्पादन समिति, रेडियो स्टेशन र स्थानीय समुदायबीच सूचना अदान-प्रदान तथा समन्वयको काम गर्ने ।

**<u>कर्मचारी तथा रेडियोकर्मी</u>**

रेडियो गौमुलका लागि प्रशारण र प्रसाशनिक कर्मचारी तथा रेडियोकर्मी निम्नानुसार हुने  छन ।

१) कार्यकम निर्देशक  १ जना

२) स्टेशन मेनेजर  १ जना

३) समाचार प्रमुख/संयोजक  १ जना

४ समाचार संकलक  प्रत्येक वडा एक एक जना

### १. कर्मचारी तह विभाज

| **क्र** | **पद** | **योग्यता** |
|---|---|---|
| १ | निर्देशक | स्नातक तह |

| | | |
|---|---|---|
| २ | स्टेशन मेनेजर | स्नातक तह |
| ३ | समाचार प्रमुख | प्रमाणपत्र तह |
| ४ | समाचार संकलक | एस इ इ पास |
| ५ | कार्यालय सहयोगी | सामान्य लेख पढ |

माथिको तह विवरण अनुसारका पदमा एफएम संचालक समितिले कुन तहमा पदपूर्ति गर्ने भन्ने विषयमा एफएमलाई परेको आवश्यकता हेरी विनियम अनुसार पदपूर्ति गर्नेछ । उल्लेखित पदमा करार नियुक्ति दिन सकिनेछ ।

**२) नियुक्ती :**

क) रेडियो गौमुलका लागि आवश्यक कर्मचारी तथा रेडियोकर्मीहरु कार्यकारी निर्देशकको सिफारिसमा रेडियोको कार्यसम्पादन समितिले नियुक्ती गर्नेछ ।

ख) रेडियोका कर्मचारी तथा रेडियोकर्मीहरुको तलब भत्ता तथा अन्य सेवा सुविधा कार्यकारी निर्देशकको सिफारिसमा कार्य सम्पादन समितिले तोकेबमोजिम हुनेछ ।

ग) कर्मचारी तथा रेडियोकर्मीको काम, कर्तव्य र अधिकार कार्यकारी निर्देशकले तोकेबमोजिम हुने छ ।

**परिच्छेद–६**

**१) <u>कोष तथा खाता सञ्चालन :</u>**

क) गाउँपालिका आफ्नै,स्वदेशी तथा विदेशी दातृ निकाय, गैरसरकारी संस्था, जिल्लाका अन्य स्थानीय तहबाट प्राप्त हुने अनुदान एवंम कार्यक्रम उत्पादन तथा प्रशारण वापतको सहयोग र व्यक्ति व्यक्तित्व, उद्योगी व्यवसायी, साहुमाजनबाट प्राप्त हुने सहयोग, कार्यक्रम सञ्चालन वापतको शुल्क, विज्ञापन शुल्क आदि रेडियो गौमुलको आर्थिक स्रोत हुनेछ ।

ख) रेडियो गौमुलको लागि छुट्टै कोषको व्यवस्था गरिनेछ ।

ग) रेडियो गौमुलको प्रमुख खाता कार्य सम्पादन समितिको अध्यक्षको अनिवार्य तथा सदस्य सचिव(कार्यकारी निर्देशक) र कार्य सम्पादन समितिका एक जना सदस्य मध्ये कुनै एकको हस्ताक्षर रहने गरी ३ जनाको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

घ) रेडियो सञ्चालनका लागि आवश्यकता अनुसार एक भन्दा बढी बैंक खाता सञ्चालन गर्न सकिने छ । यस्ता खाताहरु कार्यकारी निर्देशकको अनिवार्य तथा लेखा शाखा प्रमुख र कार्य सम्पादन समितिले तोकेको अन्य एक जना गरि ३ जनाको संयुक्त हस्ताक्षरबाट सञ्चालन गर्न सकिने छ ।

**२) आर्थिक ब्यवस्थापन :**

क) रेडियोले कुनै पनि शिर्षकमा रकम खर्च गर्दा बैंक खाता मार्फत मात्र खर्च गर्नुपर्नेछ ।

ख) आम्दानी र खर्चको चुस्त दुरुस्त लेखा राख्नु पर्नेछ ।

ग) सामान्यतया खर्च गर्दा कार्य सम्पादन समितिको निर्णय अनुसार गर्नु पर्नेछ तर रेडियोलाई अत्यावश्यक कामका लागि तत्काल खर्च गर्नु पर्ने अवस्था आए कार्य सम्पादन समितिमा अनुमोदन गराउने गरी अध्यक्षलाई बढीमा ५०,०००।- (पचास हजार) र कार्यकारी निर्देशकलाई ३०,०००।-(तीस हजार) सम्म एक पटक खर्च गर्ने अधिकार हुनेछ ।

घ) कार्य सम्पादन समितिको बैठक बस्ने अवस्था नरहेको भए समितिमा अनुमोदन गराउने गरी अध्यक्ष र कार्यकारी निर्देशकको परामर्शमा बढीमा ८०,०००।-(असी हजार) एक पटक खर्च गर्ने अधिकार हुनेछ ।

ङ) एक पटक गरेको खर्च कार्य सम्पादन समितिबाट अनुमोदन नभई थप खर्च गर्न पाईने छैन ।

च) रेडियोको आर्थिक पक्षलाई पारदर्शी बनाउन रेडियो कार्य सम्पादन समितिले आर्थिक नियमावली तयार गरी लागु गर्नेछ ।

## परिच्छेद–७

**लोगो तथा छाप :**
रेडियो गौमुलको लोगो र छाप अनुसुची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

**विविध :**
यो कार्य सञ्चालन निर्देशिकामा तोकिएको कुरामा यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा आवश्यकता अनुसार कार्य सम्पादन समितिले नियमावली बनाई लागू गर्न सक्नेछ ।

**बाधा अड्काउ फुकाउने :**
रेडियो सञ्चालन सम्बन्धी कार्यहरु सञ्चालन गर्दा विनियम, विधान, निर्देशिका, नियमावली र नियमहरुमा उल्लेख नभएका कुराहरुको बाधा अड्काउ संचालक समितिको सिफारीसमा गाउँकार्यपालिकाले फुकाउन सक्नेछ ।

## परिच्छेद–८

**खारेजी र बचाउ :**

क) गौमुल गाउँपालिका गाउँकार्यपालिकाले आवश्यक देखेमा यो निर्देशिका संशोधन वा खारेजी गरी नयां निर्देशिका जारी गर्न सक्नेछ । तर त्यसका लागि कार्य समितिको दुईतिहाई बहुमतको अनिवार्य रुपमा आवश्यक हुन्छ ।

ख) यो निर्देशिका जारी हुनु अघि कार्य समिति, कार्य सम्पादन समिति वा दुवै समितिले तोकेका पदाधिकारीहरुबाट भए गरेका काम कार्बाही यही निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

ग) यो निर्देशिका गौमुल गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेपछि तुरुन्तै लागू हुनेछ ।

**अनुसुची–१**

रेडियो गौमुल १०४.३ मेगाहर्ज गौमुल- घट्मुनाको स्टेशन पिरामिड शैलीको संगठनात्मक संरचनामा सञ्चालन हुनेछ । रेडियो गौमुलको स्टेशन संगठनात्मक संरचना यस प्रकारको हुनेछ ।

गौमुल गाउँपालिका गाउँ कार्यपालिका

↓

**रेडियो गौमुल कार्य सम्पादन समिति**

↓

**(अध्यक्ष)**

↓

**कार्यकारी निर्देशक**

↓

**स्टेशन मेनेजर**

↓

**समाचार प्रमुख**

↓

**समाचार संकलक**

**अनुसुची–२**

रेडियो गौमुल १०४.३ मेगाहर्ज घट्मुना बाजुराको लोगो तथा छाप यस प्रकारको हुनेछ ।